# विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी (संशोधन) निर्देशिका, २०७३

*ऊर्जा मन्त्रालयबाट संशोधन मिति - २०७३।१२।२४*

विद्युत नियमावली, २०५० को नियम ९४ क. ले दिएको अधिकार प्रयोग गरी ऊर्जा मन्त्रालयले यो निर्देशिका बनाएको छ ।

(१) यस निर्देशिकाको नाम "विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी (पहिलो संशोधन) निर्देशिका, २०७३" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

**(१) दफा ३. मा संशोधन :**

(अ) दफा ३. को उपदफा (१) को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) हुने गरी संशोधन गरिएको छ ।

(ख) संस्थाले दरखास्त दिंदा संस्थादर्ताको प्रमाणपत्र, स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्र, संस्थाको प्रबन्धपत्र तथा नियमावली र कर चुक्ता वा दाखिलाको प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपि,

व्यक्तिले दरखास्त दिंदा नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।

(आ) दफा ३. को उपदफा (१) को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) हुने गरी संशोधन गरिएको छ ।

(ग) जलविद्युत् आयोजनाको हकमा सम्बन्धित जिल्ला जलस्रोत समितिको सिफारिस पेश गर्नु पर्नेछ । अन्य स्रोतबाट उत्पादित विद्युत् आयोजनाको हकमा सम्बन्धित जिल्ला विकास समितिको सिफारिसको अलावा स्रोतको विषयसँग सम्बन्धित निकायबाट प्राप्त सिफारिस पेश गर्नु पर्नेछ ।

यस्तो सिफारिस संलग्न नगरिएको दरखास्त दर्ता गरिने छैन ।

(इ) दफा ३. को उपदफा (२) को खण्ड (क) को सट्टा देहायको खण्ड (क) हुने गरी संशोधन गरिएको छ ।

(क) विभागले अनुमतिपत्र माग गरिएको आयोजनाको जडित क्षमता निर्धारण गर्न प्रवर्द्धकले उपलब्ध गराएको हाइड्रोलोजिकल टाइम सिरिज डाटाको (Probability of Excedence) प्रोब्याबिलिटी अफ एक्सिडेन्स Q45(क्यू फोर्टी फाइभ) लाई सामान्यतया आधार बनाउने छ । तर ग्रिडमा आबद्ध नगरी ग्रामिण विद्युतीकरण गर्ने आयोजनाको हकमा Q45 (क्यूफोर्टी फाइभ) को आधारले बाधा पुऱ्याउने छैन ।

तर जलश्रोतको उपयोग, विद्युत बजारको उपलब्धता र लगानीको अधिकतम प्रतिफल समेतलाई आधार मानी क्षमता निर्धारण गर्न सकिने छ ।

**(२) दफा ४. मा संशोधन :**

(अ) दफा ४. को उपदफा (१) को खण्ड (क) को सट्टा देहायको खण्ड (क) हुने गरी संशोधन गरिएको छ ।

(क) दरखास्तमा माग गरेको विद्युत् उत्पादनको क्षमता अनुसारको अनुमतिपत्र दस्तुर बापतको रकम विभागको धरौटी खातामा जम्मा गरेकोसक्कल रसिद ।

यस्तो रसिद संलग्न नगरिएको दरखास्त दर्ता गरिने छैन ।

(आ) दफा ४. को उपदफा (१) को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) हुने गरी संशोधन गरिएको छ ।

(ग) संस्थाले दरखास्त दिंदा संस्था दर्ताको प्रमाणपत्र, स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्र, संस्थाको प्रबन्धपत्र तथा नियमावली र कर चुक्ता वा दाखिलाको प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपि,

व्यक्तिले दरखास्त दिंदा नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।

(इ) दफा ४. को उपदफा (२) को खण्ड (क) को सट्टा देहायको खण्ड (क) हुने गरी संशोधन गरिएको छ ।

(क) विभागले अनुमतिपत्र माग गरिएको आयोजनाको जडित क्षमता निर्धारण गर्न प्रवर्द्धकले उपलब्ध गराएको हाइड्रोलोजिकल टाइम सिरिज डाटाको प्रोब्याबिलिटी अफ एक्सिडेन्स (Probability of Excedence) Q45 (क्यू फोर्टी फाइभ) लाई सामान्यतया आधार बनाइनेछ ।

तर जलश्रोतको उपयोग, विद्युत बजारको उपलब्धता र लगानीको अधिकतम प्रतिफलसमेतलाई आधार मानी क्षमता निर्धारण गर्न सकिने छ ।

(ई) दफा ४. को उपदफा (४) को खण्ड (ख) पछि देहायको खण्ड (ग) थप गरिएको छ ।

(ग) विदेशी कम्पनी वा व्यक्ति शेयरधनी रही नेपालमा दर्ता कायम भएको प्रबर्द्धकको हकमा विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०४९ बमोजिमको स्वीकृती लिई अनुमतिपत्र प्रदान भएको मितिले ६ महिना भित्र आफ्नो खण्ड (क) र (ख) अनुरुपको नेटवर्थ प्रमाणपत्र पेश गर्ने र तोकिएको अवधिमा सो अनुरुपको नेटवर्थ प्रमाणपत्र पेश नगरेमा अनुमतिपत्र रद्द हुने शर्त सहित अनुमतिपत्र प्रदान गर्न सकिनेछ ।

**(३) दफा ५. मा संशोधन :**

दफा ५. को उपदफा (६) झिकिएकोछ ।

**(४) दफा ६. मा संशोधन :**

दफा ६. को उपदफा (१) को खण्ड (क) को सट्टा देहायको खण्ड (क) हुने गरी संशोधन गरिएको छ ।

(क) दरखास्तमा मांग गरेको विद्युत् उत्पादनको क्षमता अनुसारको अनुमतिपत्र दस्तुर बापतको रकम विभागको धरौटी खातामा जम्मा गरेको सक्कल रसिद ।

यस्तो रसिद संलग्न नगरिएको दरखास्त दर्ता गरिने छैन ।

**(५) दफा ७. मा संशोधन :**

दफा ७. मा भएको “प्रसारणा” लाई सच्च्याई “प्रसारण” गरिएको छ ।

**(६) दफा ११. मा संशोधन :**

(अ) दफा ११. को उपदफा (१) को खण्ड (क) को सट्टा देहायको खण्ड (क) हुने गरी संशोधन गरिएको छ ।

(क) प्रबर्द्धकले कुनै आयोजनाको सर्वेक्षण अनुमतिपत्रको नवीकरणको लागि उक्त अनुमतिपत्र बहाल रहेको म्यादभित्रै कुनै कारणले दरखास्त दिन नसकेको वा रितपूर्वक दरखास्त नदिएको वा दरखास्त दिएर पनि अन्य कुनै कारणबाट सर्वेक्षण अनुमतिपत्र नवीकरण नभएको अवस्थामा निज प्रबर्द्धकबाट सोही जलविद्युत आयोजनाको लागि नयाँ अनुमतिपत्र माग भई आएमा नविकरण नगर्ने निर्णयको जानकारी गराएको मितिले १५ (पन्ध्र) दिन भित्र पुनः सर्वेक्षण अनुमतिपत्र माग गरेमा र विगतमा अनुमतिपत्र बहाल रहेको अवधिमा भएको कार्य प्रगतिका आधारमा सोही जलविद्युत आयोजनाको नयाँ सर्वेक्षण अनुमतिपत्र दिन सकिनेछ ।

यस्तो सर्वेक्षण अनुमतिपत्रको कुल अवधि गणना गर्दा पहिलो सर्वेक्षण अनुमतिपत्रको अवधि पनि गणना गरी जम्मा ५ वर्ष अवधि ननाघिने गरी नयाँ सर्वेक्षण अनुमतिपत्र जारी गर्न सकिनेछ ।

(आ) दफा ११. को उपदफा (१) को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) हुने गरी संशोधन गरिएको छ ।

(ख) सर्वेक्षण अनुमतिपत्रको पूरा पाँच वर्षको अवधि व्यतित नगरी उत्पादन प्रसारण वा वितरण अनुमतिपत्रको लागि दरखास्त दिएकोमा कुनै कारणवश उक्त दरखास्त रद्द भएमा वा प्रवर्द्धक स्वयम्ले उक्त दरखास्त फिर्ता लिएको अवस्थामा दरखास्त रद्द भएको हकमा रद्द गर्ने निर्णयको जानकारी गराएको मितिले १५ (पन्ध्र) दिनभित्र र प्रवर्द्धक स्वयम्ले दरखास्त फिर्ता लिएको अवस्थामा दरखास्त फिर्ता लिएको मितिले १५ (पन्ध्र) दिन भित्र निज प्रवर्द्धकबाट सोही आयोजनाको लागि नयाँ सर्वेक्षण अनुमतिपत्रको मांग भइ आएमा सोही जलविद्युत आयोजनाको नयाँ सर्वेक्षण अनुमतिपत्र जारी गर्न सकिनेछ ।

तर यस्तो सर्वेक्षण अनुमतिपत्रको कूल अवधि गणना गर्दा पहिलो सर्वेक्षण अनुमतिपत्रको अवधि पनि गणना गरी जम्मा ५ वर्ष अवधि ननाघिने गरी नयाँ सर्वेक्षण अनुमतिपत्र जारी गर्न सकिनेछ ।

**(७) दफा १३. मा संशोधन :**

(अ) दफा १३. को उपदफा (१) को खण्ड (क) को सट्टा देहायको खण्ड (क) हुने गरी संशोधन गरिएको छ ।

(क) नेपाल सरकारको आफ्नै खर्च वा नेपाल सरकारको स्वामित्वमा रहेका संस्थाबाट वा विदेशी सहयोगमा संभाव्यता अध्ययन भएका आयोजनाहरु,

(आ) दफा १३. को उपदफा (३) को खण्ड (क) को सट्टा देहायको खण्ड (क) हुने गरी संशोधन गरिएको छ ।

(क) दफा १३ को उपदफा (१) (क) र (ग) ('ग' का आयोजनाहरुका संरचनाहरु जस्तै सुरुङ/नहर (Water Convey System), हेडवर्क्स, पावर हाउस आदिको उल्लेखनिय रुपमा निर्माण कार्य प्रारम्भ भइसकेका आयोजनाहरु बाहेक) का आयोजनाहरुको हकमा प्रति मेगावाट १० (दश) लाखको दरले (कम्तिमा पचास लाख र बढीमा बीस करोड) शुल्क (Upfront Fee) दाखिला गरी कुनै प्रबर्द्धकले विद्युत ऐन, २०४९, विद्युत नियमावली, २०५० र निर्देशिकाको प्रक्रिया अनुसार आवश्यक अनुमतिपत्र दस्तुर सहित दरखास्त पेश गरेमा विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्र जारी गर्न सकिने छ ।

(इ) दफा १३. को उपदफा (४) को सट्टा देहायको उपदफा (४) हुने गरी संशोधन गरिएको छ ।

(४) नेपाल सरकारको आरक्षित सूचिमा रहेका आयोजनाहरु आवश्यकता अनुसार प्रतिस्पर्धाको माध्यमबाट पनि निजी क्षेत्र मार्फत विकास गर्न सकिने छ ।

तर यो निर्देशिका जारी भए पश्चात नेपाल सरकारले प्रतिस्पर्धाको माध्यमबाट विकास गराउने निर्णय भएका आयोजनाहरु बाहेक अन्य आरक्षित सूचीमा रहेका आयोजनाहरुलाई उपदफा (३) बमोजिम अनुमतिपत्रको प्रकृया अगाडी बढाउन बाधा पर्ने छैन ।

**(८) दफा १४. मा संशोधन :**

(अ) दफा १४. को उपदफा (४) को सट्टा देहायको उपदफा (४) हुने गरी संशोधन गरिएको छ ।

(४) जुनसुकै कारणले रद्द भएका जलविद्युत् आयोजनाका अनुमतिपत्रहरु स्वतः नेपाल सरकारको आरक्षित सूचिमा रहनेछन् ।

तर यसरी आरक्षित सूचीमा परेका आयोजनाहरुको दफा ८. को उपदफा (६) तथा दफा ११. को प्रावधान बमोजिम कारवाही प्रकृया अगाडी बढाउन बाधा पर्ने छैन ।

(आ) दफा १४. को उपदफा (७) मा भएको "अनुमतिपत्रो" लाई सच्च्याई "अनुमतीपत्रको" गरिएको छ ।

(इ) दफा १४. को उपदफा (१०) पछि देहायको उपदफा (११) र उपदफा (१२) थप गरिएको छ ।

(११) कुनै आयोजनाको यस पूर्व नै प्रारम्भिक वातावरणीय परीक्षण (IEE) वा वातावरणीय प्रभाव मुल्यांकन (EIA) सम्पन्न भई स्वीकृत भैसकेको भए सोही आयोजनाको पुनः प्रारम्भिक वातावरणीय परीक्षण (IEE) वा वातावरणीय प्रभाव मुल्यांकन (EIA) गरिरहनुपर्ने छैन ।

साथै प्रारम्भिक वातावरणीय परीक्षण (IEE) को कार्यसूची (TOR) वा वातावरणीय प्रभाव मुल्यांकन (EIA) को कार्यसूची (TOR) र क्षेत्र निर्धारण प्रतिवेदन (SD) तयार गरी स्वीकृत भैसकेको अवस्थामा सोही आयोजनाका लागि पुनः कार्यसूची (TOR) वा क्षेत्र निर्धारण प्रतिवेदन (SD) तयार गरिरहनु पर्ने छैन ।

(१२) नेपाल सरकारले आवश्यकताका आधारमा जुनसुकै आयोजनाको विकास गर्न बाधा पर्ने छैन ।

*मिति २०७४।५।५ मा संशोधन*

(१) **सर्वेक्षण अनुमतिपत्र जारी गर्ने सम्बन्धी व्यवस्था दफा ५ (४) तथा धरौटी राजस्वमा दाखिला गर्ने सम्बन्धी व्यवस्थामा संशोधन :**

(अ) नेपाल सरकारको लगानीबाट अध्ययन गर्न पहिचान भएका तर अध्ययन कार्य थालनी नभएका आयोजना निजी क्षेत्रबाट अध्ययन हुन सक्ने अवस्थामा निजी क्षेत्रलाई अनुमति दिने ।

(आ) प्रबर्द्धकले माग गरे अनुसारको क्षेत्र उपलब्ध हुन नसकेको अवस्थामा प्रबर्द्धकले दुई महिनाभित्र अनुमतिपत्र लिन नचाहेमा प्रबर्द्धकको दरखास्त/अनुमतिपत्र रद्द गर्ने तथा अनुमतिपत्र बापतको दस्तुर/धरौटी फिर्ता गर्ने ।

*मिति २०७४।९।२५ मा संशोधन*

(१) **दफा १४. मा संशोधन :**

(अ) दफा १४. को उपदफा (१) को सट्टा देहायको उपदफा (१) हुने गरी संशोधन गरिएको छ ।

(१) कुनै प्रवर्द्धकले आफूले प्राप्त गरेको विद्युत उत्पादन/प्रसारण सर्वेक्षणको अनुमतिपत्र बिक्री वा हस्तान्तरणको लागि स्वीकृति माग गरेमा त्यस्तो आयोजनाको वातावरणीय प्रभाव मूल्यांकन अध्ययनको हकमा स्कोपीङ डकुमेन्ट र टर्म्स अफ रिफरेन्स स्वीकृत भइसकेको र प्रारम्भिक वातावरणीय परीक्षणको हकमा टर्म्स अफ रिफरेन्स स्वीकृत भएको अवस्थामा मात्र कारवाही हुन सक्नेछ ।

तर सम्बन्धित कम्पनीको पूर्ण स्वामित्वको कम्पनी (SPV)लाई अनुमतिपत्र हस्तान्तरण गर्न वाधा पर्ने छैन ।